मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ५५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस २६ गते सोमवार (Monday, January 10. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## खेतमा बालिकालाई जबरजस्ती

**भोजपुर, पुस २५।** ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मोरङ कानेपोखरी गाउँपालिका घर भएका ३४ वर्षीय धनबहादुर बिष्टलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ।

भोजपुर षडानन्द नगरपालिकास्थित खेतमा ती बालिकालाई बिहीबार धनबहादुरले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय दिङ्लाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

निरीक्षण र उद्घाटनमा ओली व्यस्त

## ‘बताससँग कुनै नाता छैन’




**झापा, पुस २५।** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली आइतवार दिनभर झापामा निरीक्षण र उद्घाटनमा व्यस्त रहे।

पूर्व प्रधानमन्त्री समेत रहेका ओलीले आफ्नो निर्वाचन क्षेत्रका दुई आयोजनाको अवलोकन गर्नुका साथै भद्रपुरमा नेपाल निजामती कर्मचारी संगठनको भवन उद्घाटन र झापा क्षेत्र नं. ४ झिलझिले स्थित वाटर किङ्डम पार्कको उद्घाटन गरेका छन्। आफ्नो निर्वाचन क्षेत्र झापा ५ को कमल गाउँपालिका-७ गेउरियामा निर्माणाधीन आयुर्वेदिक औषधालयको निरीक्षणसंगै वडा नं. २ क्याम्पास्थित तोपगाछी खानेपानी आयोजनाको निरीक्षण गरेका हुन्।

झापाको भद्रपुर-१० चन्द्रगढीस्थित शहीद मनोज झपेन्द्र स्मृति सामुदायिक राष्ट्रसेवक भवनको उद्घाटन गर्दै ओलीले भ्रष्टाचारलाई घृणा गर्न राष्ट्रसेवक कर्मचारीलाई आग्रह गरे।

अध्यक्ष ओलीले मानिस कुनै न कुनै राजनीतिक विचारबाट प्रेरित हुने गरेको बताउँदै कर्मचारी पनि त्यसबाट भिन्न नरहेको उल्लेख गरे। उनले भने- काम गर्ने बेलामा कर्मचारीले निरपेक्ष भएर जनताको काम गर्नुपर्छ, कर्मचारी संयन्त्र जनताको सेवा गर्ने संयन्त्र हो। पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष ओलीले राजनीतिक परिवर्तनमा कर्मचारीको योगदान उच्च रहेको उल्लेख गर्दै लोकतन्त्र खोसिएको अवस्थामा कर्मचारी सङ्कट मोचनमा अग्रसर भएको बताए।

उनले कर्मचारीको हकहितका लागि लोकतान्त्रिक मान्यतालाई संरक्षण र सम्बर्द्धन गर्दै अघि बढ्नुपर्नेमा जोड दिए।

अध्यक्ष ओलीले चुनावमा निष्पक्ष रुपमा काम गर्न राष्ट्रसेवक कर्मचारीलाई आग्रह समेत गरे। नेपाल निजामति कर्मचारी सङ्गठन झापा र राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था भद्रपुरको अगुवाइमा भवन निर्माण भएको भवन निर्माण समितिका संयोजक लक्ष्मीप्रसाद गुरागाईंले बताए। दुई तले भवनको कूल लागत रू. एक करोड ८८ लाख नौ हजार ५७० रहेको छ। भवनको शिलान्यास एमाले अध्यक्ष ओलीले नै २०७० माघ ५ गते गरेका थिए।

भद्रपुरबाट सहकर्मी **पार्थ मण्डल** लेख्छन्- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नारायणहिटी संग्रहालयभित्र रेस्टुरेन्ट चलाउन खोजेका आनन्दराज बताससँग आफ्नो कुनै नाता नरहेको बताएका छन्।

भद्रपुरस्थित शहीद मनोज झपेन्द्र स्मृति सामुदायिक राष्ट्र सेवक भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले भने- ‘सञ्चारमाध्यममा बोलाएर अन्तरवार्ता दिन लगाएर म त केपी ओलीको ज्वाइँ हो भन्न लगाउनु !, मेरो त छोराछोरी देशभरी छन्, छोरीसँग बिहे गर्ने ज्वाइँ र छोरासँग बिहे गर्ने बुहारी त हुन्छ नि।’

‘यस्तो कुरा लिएर आफ्नो भ्रष्टाचार छोप्न खोज्नु र मेरो ज्वाइँ भने नि किन दिनु त संग्रहालयभित्र रेस्टुरेन्ट बनाउन ठेक्का ?’- ओलीले थपे।

बतासले ससुराली झापा भएका कारण ओलीले आफूलाई ज्वाइँ भनेर सम्मान गर्ने गरेको मिडियालाई बताएका थिए।

## अब कांग्रेसकै बहुमतः शर्मा

**सुरेन्द्र भण्डारी**




**झापा, पुस २५।** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आसन्न निर्वाचनमा नेपाली कांग्रेसले वहुमत प्राप्त गर्ने बताएका छन्।

नेपाली कांग्रेस झापाले आइतवार बिर्तामोडमा आयोजना गरेको स्वागत सम्मान कार्यक्रममा बोल्दै महामन्त्री शर्माले अबको निर्वाचनमा नेपाली कांग्रेसले वहुमत प्राप्त गर्ने र कांग्रेसले प्रधानमन्त्री पाउने दावी गरे।

कांग्रेसकै प्रधानमन्त्री बनाउँदा पाँच वर्ष प्रधानमन्त्री टिकाउन सकिएला कि नसकिएला भन्ने चिन्ता व्यक्त गरेका शर्माले ७० वर्षको लामो इतिहासमा अहिलेसम्म कोही पनि पाँच वर्ष प्रधानमन्त्री पदमा टिक्न नसकेको बताए।

विगतमा भएका निर्वाचनको समीक्षा गर्दै महामन्त्री शर्माले भने- एउटा निर्वाचन जित्ने र एउटा निर्वाचन हार्ने कर्म गरिरहेको कांग्रेसले देशको मुहार राम्रो ढंगले बदल्न सक्दैन, तसर्थ यो बेला संकल्प गर्नुपर्छ आगामी निर्वाचन हामीले जित्नै पर्छ।

नेपाली कांग्रेसका पूर्व महामन्त्री समेत रहेका कृष्णप्रसाद सिटौला प्रति लक्षित गर्दै महामन्त्री शर्माले भने- एकातर्फ कम्युनिष्ट आन्दोलनका नेता केपी शर्मा ओली उभिँदै गर्दा अर्कोतर्फ कृष्णप्रसाद सिटौला हुनुहुन्छ, अबको निर्वाचनमा उहाँलाई उच्च मनोवलका साथ जिताउनै पर्छ।

नेपाली कांग्रेसलाई जित्ने मात्रै सोच छैन देश चलाउनुपर्ने दायित्व रहेको बताउँदै शर्माले भने- एक कार्यकाल मात्रै होइन अबका तीन कार्यकाल कांग्रेसलाई जिताएर मुलुकमा आमूल परिर्वतन ल्याउनुपर्ने बेला आएको छ।

पूर्व सांसद एवम् प्रजातान्त्रिक आन्दोलनका अग्रज नेता डिल्लीप्रसाद सिटौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि सिटौलाले शक्ति जनतामा रहेको बताउँदै जनताले कांग्रेसलाई कसरी हेर्छन् भन्ने अनुगमन गरेर जनता केन्द्रित कार्यक्रम लिएर गाउँ-गाउँमा जान कार्यकर्तालाई आव्हान गरे।

कार्यक्रममा बोल्दै पार्टीका केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले चुनावको परिणामले मन दुखेकाहरुलाई मल्हमपट्टी लगाएर गाउँ- नगर, वडाको नेतृत्व छान्न आव्हान गर्दै ९० दिनको कार्यतालिका बनाएर स्थानीय चुनावको तयारीमा लाग्न निर्देशन दिए।

गाउँनगर र वडाको परिणामले कांग्रेसको भविष्य निर्धारण गर्ने बताउँदै उनले अबको तीन महिना स्थानीय चुनाबका लागि केन्द्रीत हुनसमेत आव्हान गरे। केन्द्रीय सदस्य सरिता प्रसाईंले सबै क्षेत्र, प्रदेश, गाउँ-नगर र वडामा मेरो मान्छे होइन, जित्ने र जनमानसमा लोकप्रियता बोकेका ब्यक्तिलाई टिकट दिनुपर्नेमा जोड दिए।

एमालेले संसद बन्धक बनाएर लोकतन्त्रमाथि नै प्रहार गरिरहेकोतर्फ सचेत गराउँदै नेतृ प्रसाईंले बहस र छ्लफलमार्फत समस्या समाधान गरेर लोकतान्त्रिक पद्धतिको पालना गर्न सुझाव दिए।

नेपाली कांग्रेस प्रदेश- १ का सभापति उद्धव थापाले शहीद, प्रजातान्त्रिक आन्दोलनका अग्रणी योद्धा, सर्वस्वहरणमा परेका व्यक्ति तथा परिवार सम्मान लागि योग्य भएको बताउँदै भने- ‘पार्टीको आन्तरिक प्रतिस्पर्धामा कसैको हार र जीत हुँदैन। बिजय उत्सब र सम्मानले पार्टीको हित गर्दैन। उपबिजयीहरुको पीडामा मल्हम लगाउन सकेमात्र पार्टीको हित हुन्छ, संगठन बलियो हुन्छ।’

पार्टीको जिम्मेवारी दिएर झापा कांग्रेसको गौरब र गरिमा बचाउन र आम निर्वाचनमा पार्टीका उम्मेदवारलाई जिताएर जनताबाट अबिर र माला लगाउने वातावरण बनाउन समेत उनले झापा कांग्रेसलाई आव्हान गरे।

क्षेत्र, प्रदेश, गाउँ-नगर र वडासम्म पार्टीका कार्यक्रम पुऱ्याउन आग्रह गर्दै केन्द्र र प्रदेशमा पाएको सफलता पार्टी कार्यकर्ताको क्रियाशीलताले पाएको थापाको भनाइ थियो।

नेपाली कांग्रेसका पूर्व सभापति पूर्णानन्द शर्माले केन्द्र र प्रदेशमा निर्वाचित सबैको इतिहास प्रजातान्त्रिक आन्दोलनमा अग्रस्थानमा रहेको बताउँदै सबै एकजुट भएर पार्टी हितमा लाग्न आव्हान गरे। जग बलियो भए घर बलियो हुने बताउँदै शर्माले एकजुट भएर पार्टीको जग बलियो बनाउन आग्रह गरे।

नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्यहरु महेन्द्राकुमारी सुब्बा, सुशीला ढकाल, राष्ट्रियसभाका उम्मेदवार गोपालकुमार बस्नेत

*(बाँकी अन्तिम पृष्ठमा)*

## विवेकशील साझाको एकता यात्रा स्थगित

**काठमाडौं, पुस २५।** विवेकशील साझा पार्टीले पृथ्वी जयन्तीको अवसर पारेर यही पुस २७ देखि माघ १६ गतेसम्म गर्ने तय भएको ‘मेची-महाकाली राष्ट्रिय एकता यात्रा’ स्थगन गरेको छ।

झापादेखि कञ्चनपुरसम्मका दर्जनौं स्थानमा अध्यक्ष रवीन्द्र मिश्रसहित उच्च नेतृत्व सहभागी भई आमसभा र अन्तरक्रिया गर्ने अन्तिम तयारी भइसकेको अवस्थामा पछिल्ला दिनमा ह्वात्तै बढेको कोरोना भाइरस संक्रमणको स्थितिलाई दृष्टिगत गरी यात्रा स्थगन गर्ने निर्णय गरेको पार्टीका प्रवक्ता शरदराज पाठकले आइतवार विज्ञप्ति जारी गरी जनाएका हुन्।

पार्टीका कैयौं नेता र सदस्यहरू तीन सातासम्म सँगै लगातार यात्रा र उठबस गर्दा सबै जना सङ्क्रमित हुनसक्ने जनस्वास्थ्य विज्ञहरूको सुझाव, उपचारमा आइपर्ने ठूलो

*(बाँकी अन्तिम पृष्ठमा)*

## सुकुम्वासीको समस्यामा चासो नदिएको आरोप

**विर्तामोड पुस २५।** भूमिहीन र सुकुम्बासीहरुको समस्या समाधानमा शिवसताक्षीका नगरप्रमुख चन्द्रकुमार शेर्माले देखाएको वेवास्ताप्रति शिवसताक्षीका क्रियाशील ६ वटा राजनीतिक दलले आपत्ति प्रकट गरेका छन्।

भूमिहीन एवम् सुकुम्बासीको समस्या समाधानका लागि शिवसताक्षी नगरपालिकालाई नमूना पालिकाको रुपमा चयन गर्दै नेपाल सरकारको राष्ट्रिय भूमि आयोगले सम्झौताका लागि बोलाउँदा नगरपालिकाका नगरप्रमुख शेर्मा नगएर समस्या समाधानमा वेवास्ता गरेको भन्दै ती दलहरुले आपत्ति प्रकट गरेका हुन्।

नेपाली कांग्रेसका नगर सभापति अशोक बस्नेत, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष महेन्द्र भट्टराई, नेकपा (एकीकृत समाजवादी) का नगर उपाध्यक्ष खड्गध्वज खापुङ, संघीय लिम्बुवान मञ्च नेपालका नगर अध्यक्ष प्रकाश लिङ्देन, राष्ट्रिय प्रजातन्त्र पार्टी नगर अध्यक्ष मणिप्रसाद खड्का, जनता समाजवादी पार्टीका नगर अध्यक्ष पल्टन ताजपुरियाले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै नगरप्रमुखको वेवास्ताप्रति आपत्ति जनाएका हुन्।

एमाले बाहेक नगरमा क्रियाशील राजनीतिक दलले उक्त मागप्रति नगरप्रमुखको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र समेत बुझाएको नेपाली कांग्रेसका नगर सभापति बस्नेतले जानकारी दिए।

नेपाल सरकारको राष्ट्रिय भूमि आयोगले चलानी नं. १९१, मिति २०७८/९/२०को परिपत्र अनुसार २०७८/९/२४ गते शिवसताक्षी नगरपालिकाका नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई दरबार ब्याङ्क्वेट सोल्टीमोड, काठमाडौंमा आमन्त्रण गरेको थियो। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धीको कार्यविधि २०७८ को दफा ३ मापदण्ड बमोजिम सम्झौता गर्न उक्त आयोगले सूचित गरेको विज्ञप्तिमा उल्लेख छ।

उक्त सूचनालाई वेवास्ता गर्दै नगरप्रमुख चन्द्रकुमार शेर्मा र प्रमुख प्रशासकीय अधिकृत सम्झौता गर्न नगएको बुझिएको जनाउँदै विज्ञप्तिमा यसबाट हुने दूरगामी क्षतिप्रति सचेत गराइएको छ।

सम्बन्धित निकायमा यथाशीघ्र सम्पर्क गरी सम्झौता गर्न र सोको आधिकारिक जानकारी स्थानीय राजनीतिक दललाई गराउन आग्रह गर्दै विज्ञप्तिमा नेपाल सरकारको नीति, नियम र कार्यक्रमको पालना नगर्दा भूमिहीन सुकुम्बासीको संवेदनशीलता र भविष्यमाथि खेलवाड भए त्यसबाट उत्पन्न हुने परिणामप्रति जवाफदेही हुन नगरप्रमुखलाई सचेत गराइएको छ।

## आलुको बीऊ बिक्री नहुँदा किसान मर्कामा

**इलाम, पुस २५।** इलामका लेकाली क्षेत्रका किसानको प्रमुख आयस्रोतको रुपमा रहेको आलुको बीऊ बिक्री नहुँदा किसान मर्कामा परेका छन्।

माथिल्लो क्षेत्रमा उत्पादित आलुको बीऊ राम्रो र धेरै फल्ने तर जिल्ला तथा जिल्ला बाहिरका किसानले खरिद नगरेपछि किसान मर्कामा परेका हुन्।

आलुको बीऊको मूल्य अत्यन्त महँगो भएपछि यहाँका स्थानीय बजारमा पसलैपिच्छे फरक-फरक मूल्य भएका कारण किसान कुन पसलबाट बीऊ किन्ने भन्ने अन्यौलमा छन्।

विगतका वर्षमा लेकाली क्षेत्रका किसानले जिल्लाका तल्लो क्षेत्रका

*(बाँकी अन्तिम पृष्ठमा)*

## ठूला नेता र विशिष्ट व्यक्तिहरु नै लगाउँदैनन् मास्क

**काठमाडौं, पुस २५।** डेनमार्कका प्रधानमन्त्री मेट्डे फ्रेडरिकसनले मास्क नगलाई किनमेल गर्न निस्किएको भिडिओ सञ्चारमाध्यममा आएपछि गत महिना माफी मागिन्। गत असारमा बेलायतका स्वास्थ्यमन्त्री म्याट ह्नान्ककले स्वास्थ्य मापदण्ड उल्लंघन गरेको तस्वीर बाहिरिएपछि राजीनामा गरे।



कोभिड-१९बिरुद्धको खोप नलगाई अस्ट्रेलिया पुगेका विश्व नम्बर एक टेनिस खेलाडी नोभाक जोकोबीचले अध्यागमनको हिरासतमा बस्नुपऱ्यो।

कोरोनाभाइरसको महामारी नियन्त्रणका लागि विभिन्न देशहरूले तय गरेका स्वास्थ्य सावधानीका मापदण्ड उल्लंघन भएपछि विश्वका चर्चित व्यक्तित्वहरूले माफी मागेका घटना बाहिरिने गरेका छन्। तर, नेपालमा जिम्मेवार राजनीतिक दलका नेताहरूबाटै कोभिड नियन्त्रणका लागि सरकारले बनाएको मापदण्ड उल्लंघन हुने गरेको जनस्वास्थ्यविद्हरू बताउँछन्। नेकपा माओवादीका अध्यक्षसहित कैयौं नेताहरूमा कोभिड पुष्टि भएपछि सामाजिक सञ्जालमा नेता तता उच्चपदस्थ व्यक्तिहरूको आनीबानीबारे चर्चा भएको छ।

**प्रधानमन्त्री कसरी पुगे संक्रमितको सम्पर्कमा ?**

सङ्क्रमितसँग नजिकको सम्पर्कमा पुगेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले शनिवार दिउँसोबाट भेटघाट बन्द गरेको बताइएको छ।

शुक्रवार बिहान उनको छेवैमा बसेका पूर्वप्रधानमन्त्री तथा माओवादी अध्यक्ष

*(बाँकी अन्तिम पृष्ठमा)*

**कर्मचारी आवश्यकता**

यस सेक्युरिटी सर्भिस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

(१) पद : **लेखापाल** १ जना

**योग्यता :** BBS सो सरह, कम्प्युटरमा लेखा राख्न सक्ने कम्तीमा २ वर्षको अनुभव

**तलब :** आकर्षक साथै अन्य सुविधा (२) **सेक्युरिटी गार्ड :** (महिला/पुरुष)

**सेन्टरवान सेक्युरिटी सर्भिस**

पश्चिम बस स्टेण्ड दक्षिण, बिर्तामोड, फोन नं. : ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

**यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर**

**यही पौष २८ गते बुधबारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला।**

**हाम्रा सेवाहरु:** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीघ्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, महिलाहरुको महिनावारी गडबढी, सेतोपानी बग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार। त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)



# हात्तीपाइलेविरुद्ध सचेतना



**दुहागढी, पुस २५।** हात्तीपाइले रोगबिरुद्धको एक दिने चेतनामूलक प्रशिक्षण झापा मेचीनगर-१४ दुहागढी स्थित बाल सुबोधिनी माध्यमिक विद्यालयमा आइतबार सम्पन्न भएको छ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो। राष्ट्रिय हात्तीपाइले रोग नियन्त्रण महाशाखाले हात्तीपाइले रोगको जोखिम भएका झापा र बारा जिल्लाका विद्यालयहरुमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको कार्यक्रममा जानकारी गराइएको थियो। कार्यक्रममा विद्यालयका कक्षा ८ र ९ का १ सय १० जनाभन्दा बढी बिद्यार्थीहरुको सहभागिता रहेको थियो। कार्यक्रममा फिल्ड अफिसरहरु दिलेन्द्र बुढामगर र सितल केसीले श्रव्यदृश्य सामग्रीमार्फत हात्तीपाइले रोगका लक्षण, बच्ने उपाय र औषधि सेवन गर्दा हुने फाइदा लगायतका विषयमा बिद्यार्थीहरुलाई जानकारी गराएको प्रधानाध्यापक विश्व थापाले बताएका छन्।

# अर्जुनधारा-३मा वडास्तरीय आरोग्य समूह

**अर्जुनधारा, पुस २५।** स्वस्थ समाज निर्माण गर्न अभियान सञ्चालन गर्ने उद्देश्यले झापाको अर्जुनधारा-३मा आइतबार वडास्तरीय आरोग्य समूह गठन भएको छ।

अर्जुनधारा नगरपालिका अन्तर्गत रहेको शनिश्चरे आयुर्वेद औषधालयको आयोजनामा आइतबार आयोजित नागरिक आरोग्य कार्यक्रमबाट वडाध्यक्ष जीवकुमार भण्डारीको संयोजकत्वमा उक्त समूह गठन भएको हो।

नवगठित समूहका सदस्यहरुमा कुमार खनाल, चन्द्रादेवी भण्डारी, डीना कडरिया, लक्ष्मी भट्टराई, लक्ष्मण शाह, शान्ता लुइँटेल, हरिटिका न्यौपाने र हीमा पौड्याल चयन भएका छन्।

उक्त समूहमा थप केही सदस्यहरु चयन गरिने शनिश्चरे आयुर्वेद औषधालयका प्रमुख अनिल ठाकुरले जानकारी दिए। त्यसैगरी कार्यक्रममा औषधालय प्रमुख ठाकुरसँगै दूधे आयुर्वेद औषधालयका प्रमुख राजेन्द्र पोखरेलले नागरिक आरोग्य कार्यक्रम, स्वस्थ जीवनशैली, आयुर्वेद, योग र स्थानीयस्तरमा पाइने जडीबुटीहरुको विषयमा सहजीकरण गरेका थिए। वडा सदस्य सीताराम भट्टराईको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि नगर प्रमुख हरिकुमार रानाले गरेका थिए। कार्यक्रमको सञ्चालन शनिश्चरे आयुर्वेद औषधालयका प्रमुख ठाकुरले गरेका थिए।



## आलुको ...

किसानलाई राम्रो मूल्यमा आलुको बीऊ बिक्री गर्ने गरेको भएपनि यसवर्ष बिक्री नहुँदा किसानको गोदाममा बीऊ थन्किएको छ। गत वर्ष प्रतिकिलो रु. २२५ मा बिक्री भएको बीऊ यस वर्ष फाट्टफुट्ट रुपमा मात्र बिक्री भएको छ। गत वर्ष यहाँको बीऊ भारततर्फ निकासी हुँदा किसानले उच्च मूल्य पाएका थिए। यसवर्ष भारतबाट व्यापारी नआएपछि थोरै मात्रामा बीऊ बिक्री भएको र त्यो पनि गतवर्षभन्दा न्यून मूल्यमा बिक्री गर्नुपरेको किसानको भनाइ छ। गत वर्षजस्तै यो वर्ष पनि उच्च मूल्य पाउने आशामा किसानले गोदाममै बीऊ राखेका थिए। तर, यो वर्ष अत्यन्त न्यून मूल्यमा आलुको बीऊ बिक्री हुन थालेपछि किसान मर्कामा परेको माईजोगमाई गाउँपालिका-६ का कुमार राईले बताए। उनले यसवर्ष पनि विगतजस्तै महंगो मूल्यमा बिक्री हुन्छ भनेर बीऊ राखेको भए पनि आलु रोप्ने समय बित्नै लाग्दा पनि बीऊ बिक्री नभएको गुनासो गरे।

लेकमा पुस १५ देखि आलु रोप्न शुरु हुन्छ। किसानले बीऊको भाउ आउने आशाले असार-साउनमा खनेको आलुको बीऊ बिक्री नगरी राखेका छन्। तर, अहिले भाउ नआएपछि उनीहरुलाई आलुको बीऊ निल्नु न ओकल्नु जस्तै भएको छ। आलुको बीऊ रोप्ने पर्याप्त ठाउँ नहुँदा किसानलाई चिन्ता भएको छ। सो क्षेत्रका किसानले घरखर्च चलाउने र अन्य काम गर्ने गरी आलु रोप्दै आएका छन्। अधिकांश किसानले एक क्वीन्टलभन्दा बढी नै बीऊ राखेको बताइएको छ।

भारतीय सीमावर्ती बजारबाट आलुको बीऊको आयातमा रोक लगाएपछि यहाँको स्थानीय बजारमा यसको मूल्य न्यून भएको किसानको गुनासो छ। यहाँका स्थानीय बजारमा अहिले उन्नत आलुको बीऊ प्रतिकिलो रु. एक सय ९० देखि दुई सयसम्ममा बिक्री भइरहेको छ। गतवर्ष यही समयमा आलुको बीऊको मूल्य प्रतिकिलो रु. दुई सयदेखि २२५ सम्ममा रहेको थियो। प्राय: बीऊ नै बिक्री गर्ने गरी सो क्षेत्रका किसानले १० हजार किलोग्रामदेखि १२ हजार किलोग्राम सम्म आलु उत्पादन गर्दै आएका छन्।

तरकारीका लागि भन्दा बीऊको लागि बिक्री गर्न पाउँदा राम्रो मूल्य हातपर्ने भएकाले धेरै लेकाली किसानले बीऊमा नै जोड दिने गरेको बताइएको छ। इलामको माईजोगमाई गाउँपालिका र सन्दकपुर गाउँपालिकाको माथिल्लो चिसो ठाउँमा आलुखेती धेरै गरिन्छ। ती भेगका किसानले आलु खेतीबाटै वर्षभरिको घर खर्च टार्दै आएका छन्। कृषि अनुसन्धान केन्द्र जौबारीमा यो वर्ष उन्नत जातका बीऊ आलुको उत्पादनमा वृद्धि भएको छ। आलुको बीऊ उत्पादनमा वृद्धिसँगै इलाम जिल्लामा बीऊ आलुको समस्या हटेको छ।

उत्पादित बीऊ आलु नबिकेपछि दुई टन आलु केन्द्रमा भण्डार गरिएको छ। केहीवर्ष अगाडि मात्र इलाम जिल्लामा आलु रोप्ने सिजनमा बीऊ आलुको हाहाकार हुने गरेको थियो। तर, इलामको जौबारीमा रहेको कृषि अनुसन्धान केन्द्रले बीऊ आलुको समस्या हटाउन आलुको उत्पादनलाई प्राथमिकता दिएको छ। बीऊ आलुमा इलाम जिल्ला आत्मनिर्भर भई माग भन्दा धेरै उत्पादन हुन थालेको छ। केन्द्रमा बीउ आलुको माग गर्ने किसानको संख्या घटेको आलु विकास केन्द्र जौबारीका प्रमुख जनार्दन गौतमले बताए।

केन्द्रले यो वर्ष १४ टन बीऊ आलु उत्पादन गरेको थियो। यस्तै केन्द्र अन्तर्गतकै कालिकादेवी कृषि सहकारी संस्थाले ४० टन बीऊ आलु उत्पादन गरेको छ। उत्पादन लिन सकिने जनकदेव, डेजिरे, खुमल सेतो र खुमल उज्ज्वल समेत उन्नत जातका आलु रोपणलाई प्रोत्साहन गरिएका कारण यसवर्ष बढी बीऊ उत्पादन भएको केन्द्रको दाबी छ।

समुदायस्तरमा उत्पादित आलुको बीऊ बाहेक केन्द्रले बीऊ आलु बिक्री गरेर यो वर्ष ११ लाख ५० हजार राजश्व सङ्कलन गर्न सफल भएको जनाइएको छ। स्थानीय जातका आलु उत्पादन कम हुने भएकाले उन्नत जातका आलु रोपेर बढीभन्दा बढी उत्पादन लिन केन्द्रले सुझाएको छ।

## अब ...

लगायतले बोलेका थिए।

झापा उपसभापति केशवकुमार पाण्डेले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा स्वागत शेरबहादुर भट्टराई र सञ्चालन कृष्ण हुमागाँईले गरेका थिए।

सो क्रममा केन्द्रीय समितिमा निर्वाचित महामन्त्री शर्मा, केन्द्रीय सदस्यहरु बुढाथोकी, प्रसाई, सुब्बा र ढकाल, प्रदेश सभापति उद्धव थापासहित प्रदेश समितिका १३ जना सदस्यहरुलाई सम्मान गरिएको थियो।

## विवेकशील ...

आर्थिक भार एवम् यात्राका क्रममा भेटिने सदस्य, शुभेच्छुक तथा आम नागरिकमा समेत सङ्क्रमण फैलन सक्ने जोखिमलाई गम्भीरतापूर्वक मनन गर्दै यात्रा स्थगित गरिएको बताइएको छ।

निकट भविष्यमा अनुकूल समय पारेर मेची-महाकाली राष्ट्रिय एकता यात्रा गरिने पार्टीले जनाएको छ। यात्रा स्थगित भए पनि पुस २७ गते पार्टीको केन्द्रीय कार्यालय बखुण्डोल ललितपुरसहित विभिन्न जिल्लामा स्वास्थ्य मापदण्ड पूर्ण पालना गर्दै औपचारिक कार्यक्रम आयोजना गरेर पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस भव्यताका साथमा मनाउने पार्टीले निर्णय गरेको छ।

## ठूला ...

पुष्पकमल दाहाल प्रचण्डलाई सङ्क्रमण पुष्टि भएपछि प्रधानमन्त्रीले भेटघाट बन्द गरेको उनका प्रमुख स्वकीय सचिव भानु देउवाले जानकारी दिए। आइसोलेशनमै बस्नुभएको होइन तर भेटघाट बन्द छ- देउवाले भने।

प्रधानमन्त्रीको सचिवालयका अनुसार कुनै लक्षण नभए पनि प्रधानमन्त्रीले सोमवार कोभिड परीक्षण गर्ने तयारी गरेका छन्। प्रधानमन्त्री कार्यालयले प्रधानमन्त्री क्वारन्टिन वा एकान्तवासमा रहे-नरहेकोबारे कुनै जानकारी औपचारिक माध्यमबाट सार्वजनिक गरेको छैन।

निकट स्रोतले प्रधानमन्त्रीले कोभिड-१९ विरुद्धको बुस्टर खोप लगाइसकेको जानकारी दिएको छ। तर, यस विषयमा बुझ्न खोज्दा उनका स्वकीय सचिव भानु देउवाले कुनै प्रतिक्रिया दिएनन्। प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रवार बिहान करिब दुई घण्टा बसेको पाँच दलीय सत्तारूढ गठबन्धनको बैठकमा पुगेका प्रचण्डलाई साँझ ५ बजे गरिएको एन्टिजेन परीक्षणमा सङ्क्रमण देखिएको थियो।

त्यसपछि गरिएको पीसीआर परीक्षणमा पनि उनमा कोभिड पुष्टि भयो। शनिवार बिहान मात्रै प्रचण्डको सचिवालयले उनलाई सङ्क्रमण भएको सार्वजनिक गऱ्यो। पौष ११ देखि १८ सम्म काठमाडौंमा सम्पन्न माओवादीको अधिवेशनमा सहभागी धेरैलाई कोभिड पुष्टि भएपछि प्रचण्ड 'कन्ट्याक्ट ट्रेसिङ'मा परिसकेका थिए। कार्यालयका कर्मचारीहरूलाई सङ्क्रमण देखिएपछि माओवादीको पार्टी कार्यालय बिहीवारदेखि नै बन्द थियो। माओवादीका अर्का नेता नारायणकाजी श्रेष्ठ कोभिड भएको आशङ्काका कारण गठबन्धनको बैठकमा गएनन्।

त्यही दिन गरिएको परीक्षणमा उनलाई पनि सङ्क्रमण भएको देखियो। प्रचण्डका स्वकीय सचिव रमेश मल्लले फेसबुकमा राखेको एउटा तस्वीरमा प्रधानमन्त्रीले नाक नछोपिनेगरी मास्क लगाएको र उनीभन्दा केही मिटरको दूरीमा बसेका प्रचण्ड मास्क नलगाई बसेको देखिन्छ। बन्द कोठामा बसेका अरू केही नेताहरूले पनि मास्कको प्रयोग गरेका छैनन्। प्रधानमन्त्रीका स्वकीय सचिव देउवा बैठकमा नेताहरू सामाजिक दूरी कायम गरेरै बसेको दाबी गर्छन्। तर बोल्दा नेताहरूले मास्क खोलेको उनले स्वीकार गरे।

सङ्क्रामक रोग विशेषज्ञहरूले बन्द कोठामा लामो समय मास्क प्रयोग नगरी बस्दा कोभिड सङ्क्रमणको जोखिम उच्च रहने बताउँदै आएका छन्। बैठकमा सहभागी सत्ता गठबन्धनका एक नेताले आफूलाई पनि घाँटी दुख्ने समस्या भएपछि आइतवार परीक्षणका लागि स्वाब दिएको जानकारी दिए।

शुक्रवार प्रचण्डसँग एउटै कोठामा बसेका प्रधानमन्त्री शनिवार बिहानै एमाले अध्यक्ष केपी ओलीसँग भेट्न बालकोट पुगे। प्रधानमन्त्रीको सचिवालयले प्रचण्डलाई सङ्क्रमण भएको जानकारी नभएका कारण प्रधानमन्त्री भेटघाटमा निस्किएको बताएको छ।

हामीलाई ढिलो मात्र जानकारी दिइयो। प्रधानमन्त्रीले बालकोटबाट निस्किएपछि मात्रै थाहा पाउनुभएको हो- देउवाको सचिवालयका गोविन्द परियारले भने। यस विषयमा बुझ्न खोज्दा प्रचण्डको सचिवालयसँग सम्पर्क हुन सकेन।

**'नेताहरूले उदाहरणीय काम गर्नुपर्थ्यो'**

जनस्वास्थ्यविद् कृष्णमान शाक्य जनस्वास्थ्य मापदण्डको पालनामा उदाहरणीय बन्नुपर्ने नेता र सार्वजनिक व्यक्तित्वहरूले मापदण्ड पालनामा चुक्ने गरेको बताउँछन्।

अघिल्लो सरकारकै पालामा शुरु भएको जनस्वास्थ्यका मापदण्ड उल्लंघनको चलन अहिलेको सरकारले पनि निरन्तरता दिएको शाक्य बताउँछन्। शुरुदेखि नै हाम्रा नेता र सार्वजनिक व्यक्तित्वबाट स्वास्थ्य मापदण्ड पालना भएको छैन- उनी भन्छन्।

स्वास्थ्य शिक्षाको कुरामा नेतृत्वबाट जनचेतना पालना गरेको प्रदर्शन भयो भने त्यसको प्रभाव जनतामा राम्रो पर्छ। त्यो उल्लंघन भयो भने त्यसको असर उल्टो पर्छ। सरकारले सङ्क्रमितसँगको नजिकको सम्पर्कमा पुगेका हरेक व्यक्तिले एक साता क्वारन्टिनमा बसेर परीक्षण गर्नुपर्ने मापदण्ड बनाएको छ।

स्वास्थ्य मन्त्रालयले मापदण्ड जारी गर्ने त्यसको उल्लंघन सरकार प्रमुख र सार्वजनिक व्यक्तित्वहरूबाट हुँदा सर्वसाधारणहरूले मापदण्ड पालना नगर्ने देखिन्छ- जनस्वास्थ्यविद् शाक्य भन्छन्।

वीवीसी


## भद्रपुरमा वितरक आवश्यकता

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरणका लागि चन्द्रगढी क्षेत्रमा एक जना वितरण चाहिएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला। साइकल हुने व्यक्तिलाई मात्र प्राथमिकता दिइने छ। तलब नियमानुसार हुनेछ।

**सम्पर्क : ९८४२६२६३०९, ०२३-५३००४४**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लिङ्ग पहिचान गरी
भ्रुणहत्या गर्नु अपराध हो।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं।
छोरा र छोरी दुबैको जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १, नेपाल

## प्रस्ताव आव्हान सम्बन्धी जरूरी सार्वजनिक सूचना

प्रथमपटक सूचना प्रकाशित मितिः २०७८/०९/२६

यस अर्जुनधारा नगरपालिकाको चालू आ.व. ०७८/०७९को स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये तपसिल बमोजिमका कार्यक्रमहरु स्थानीय सेवा प्रदायक संस्थाहरुबाट गर्नुपर्ने भएकोले इच्छुक सेवा प्रदायक संस्थाले तपसिलको विवरण अध्ययन गरी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा आवश्यक प्रस्तावसहित निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | कार्यक्रमको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ (४५) | Advance तालिम (सिलाई कटाई) | ५,००,०००।- | आर्थिक प्रस्ताव |
| २ (१५५) | महिला लक्षित ढाका बुनाई तालिम (प्रविधि हस्तान्तरण सहित) | १५,००,०००।- | आर्थिक/प्राविधिक प्रस्ताव |
| ३ (१५८) | महिलाहरुका लागि लोकसेवा आयोग कक्षा सञ्चालन | २,००,०००।- | आर्थिक प्रस्ताव |
| ४ (१६७) | विपन्न महिला लक्षित ड्राइभिङ तालिम | ५,००,०००।- | आर्थिक प्रस्ताव |

**प्रस्तावनाका साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. संस्था दर्ता र नवीकरण भएको प्रमाण पत्र।
२. आन्तरिक राजश्व कार्यालयमा PAN र VATमा दर्ता भई आ.व.०७७/०७८को कर चुक्ता गरेको प्रमाण पत्र।
३. यस नगरपालिकामा सूचीकृत भई नगर क्षेत्रमा क्रियाशील भएको संस्थालाई प्राथमिकता दिइनेछ।
४. संस्थाको विधानमा उल्लेखित उद्देश्यसँग मेल खाएको हुनुपर्नेछ।
५. सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभवको प्रमाण-पत्र पेश गरेको संस्थालाई प्राथमिकता दिइनेछ।
६. तालिम सञ्चालन गर्नुपर्ने स्थान तथा अन्य विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
७. स्थानीय तहमा वा नेपाल सरकार/प्रदेश सरकारबाट त्यस्तै प्रकृतिका कम्तीमा १ वटा तालिम सञ्चालन गरेको हुनुपर्नेछ।
८. तालिम सञ्चालनको लागि तालिमप्राप्त प्रशिक्षकको प्रमाण-पत्र र संस्थासंगको आबद्धता स्पष्ट भएको हुनुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## चुलाचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
१ नं. प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीको लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति २०७८/०९/२५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) तथा गाउँ कार्यपालिकाको निर्णयानुसार यस गाउँपालिकाको आइ. इ. इ. प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी चुलाचुली गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृदि कर दर्ता प्रमाणप्रत्र, आ.व ०७७/७८को करचुक्ता प्रमाणप्रत्र वा कर दाखिला गरेको प्रमाणित हुने कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुका अधिनमा रही दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.नं. | दरभाउपत्रको नाम | न्युनतम दरभाउपत्र रकम (सेवाशुल्क र VAT बाहेक) | स्वीकृत IEE प्रतिवेदन अनुसार उत्खन्न गर्ने परिमाण | धरौटी रकम | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | कमल खोलाको नदीजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री गर्ने ठेक्का | रु. १,५०,०००/- (रु. एक लाख पचास हजार मात्र) | १००० घ.मी. (भरौट तथा बलौट) | कबोल अंकको ५ (पाँच) प्रतिशत | ५०० ।- |
| २. | चाँजु खोलाको नदीजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री गर्ने ठेक्का | रु. २,५०,०००/- (रु. दुई लाख पचास हजार मात्र) | १६७० घ.मी. (भरौट तथा बलौट) | कबोल अंकको ५ (पाँच)प्रतिशत | ५०० ।- ५०० ।- |
| ३. | बिदुवा खोलाको नदीजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री गर्ने ठेक्का | रु. २,५०,०००/- (रु दुई लाख पचास हजार मात्र) | १६७० घ.मी. (भरौट तथा बलौट) | कबोल अंकको ५ (पाँच)प्रतिशत | |

**शर्तहरु :**

१) फर्महरुको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृदिकर दर्ता प्रमाणपत्र, आ.व ०७७/७८ को करचुक्ता प्रमाणप्रत्र वा कर दाखिला गरेको प्रमाणित हुने कागजात र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, यस कार्यालयमा दरभाउपत्र दस्तुर बुझाएको नगद भौचर जम्मा गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७८/१०/०९) भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र सम्बन्धी कागतजातहरु खरिद गर्न सकिने व्यवस्था रहेको छ। भौचरलाई दरभाउपत्र सम्बन्धी कागत जातका साथ संलग्न गरी खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरेर खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले १६ औा दिनको १२:०० बजेभित्र यस कार्यालयमा बुझाउनुपर्नेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२) दरभाउपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। आफूले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम यस कार्यालयको एन.एम.वि. बैंक, चुलाचुली शाखामा रहेको धरौटी खाता नं १०३००६०७४४२०००३७ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बन्ड सिलबन्दी खामसहित पेश गर्नुपर्ने छ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागतजात हरु पेश गर्ने अन्तिम दिनको १४:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजले तोकेका प्रतिनिधि हरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४) दरभाउपत्र सम्बन्धी जानकारी लिनुपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी ,रित नपुगी वा शर्त रहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

५) स्वीकृत दरभाउपत्रदाताले कबोल गरेको रकम एकमुष्ठ रुपमा दाखिला गर्नुपर्नेछ र सो कबोल अंकमा कुनै प्रकारको छुट दिइने छैन।

६) स्वीकृत दरभाउपत्रदाताले कबोल गरेको रकमको १३ प्रतिशतले हुन आउने नेपाल सरकारलाई बुझाउनुपर्ने भ्याट रकम दाखिला गरेको सक्कल भौचर सम्झौता गर्न आउँदा लिई आउनु पर्नेछ।

६) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गर नियमानुसार दरभाउपत्र बन्दोवस्त गरिनेछ।



## कर्मचारी आवश्यकता

बिर्तामोडमा अवस्थित एक उद्योगलाई निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**लेखापाल : १ जना सह-लेखापाल : १ जना**
**बजार प्रतिनिधि : १ जना**
**तलबः आपसी समझदारीमा**

*नोटः सम्बन्धित काममा दक्ष तथा अनुभवीले मात्र सम्पर्क गर्नुहोला।*

**सम्पर्कः ०२३-५३४५१६,९८०२६७७३३३**

## होटल बिक्रीमा

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

**मो. ९८०६०३३१५३, ९८२६९०३२५५**



## कनकाई पोलिटेक्निक इन्स्टीच्युट

कनकाई नगरपालिकाको कार्यालय
प्रदेश नं. १, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मितिः २०७८/०९/२५

कनकाई नगरपालिका र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को साझेदारीमा सञ्चालित कनकाई पोलिटेक्निक इन्स्टीच्युट कनकाई नगरपालिका दुर्गापुर झापामा शैक्षिक बर्ष २०७८।०७९को लागि तोकिएको समयभित्रमा भर्ना हुन नसकेको तपसिल बमोजिमको रिक्त रहेको कोटामा अन्य शिक्षालयहरुबाट सम्बन्धित कार्यक्रम वा डिप्लोमा तहको जुनसुकै कार्यक्रमको बैकल्पिक/पास लिष्ट/ छात्रबृत्तिको पास लिष्टको सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट भर्ना गर्नुपर्ने भएकाले उक्त सूचीमा रहेका नेपाल भरिका शिक्षण संस्थाको उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्रमा आवश्यक कागजातसहित निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | कार्यक्रम | TSLC कोटा | लक्षित कोटा | खुल्ला कोटा | जम्मा |
|---|---|---|---|---|---|
| १ | डिप्लोमा इन जियोमेट्रिक इञ्जिनियरिङ | ० | ० | ४ | ४ |
| २ | डिप्लोमा इन सिभिल इञ्जिनियरिङ | ० | ० | ११ | ११ |
| ३ | डिप्लोमा इन इन्फरमेसन टेक्नोलोजी | ४ | ४ | २३ | ३१ |

**आवश्यक कागजातहरुः**

१. लिखित निवेदन साथ भर्ना अनुमति पत्र,, परिषद्को वेववसाइटबाट डाउनलोड गरी प्रिन्ट गरिएको नतिजा प्रति, अन्य आवश्यक सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।
२) फोटो २ प्रति **थप जानकारीको लागि ९८५२६३०११३, ९८१४९१३९७४**

**कोअर्डिनेटर**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# अनुदान होइन राहत चाहियो

कृषि प्रधान देश नेपालमा आधारभूत कृषिजन्य खाद्य सामग्री ल्याउन वार्षिक दुई अर्ब खर्च भइरहेको छ । कस्तुरीले आफूभित्रको सुवास थाह नपाएर त्यसकै खोजीमा वन–वन भौंतारिनु पर्ने नियतिको यो अर्को उदाहरण हुनसक्छ । भूगोलको विविधता जस्तै जलवायु र उत्पादनमा हुने भिन्नताले समृद्ध भनिने देशमा खाद्यवस्तु कै लागि अरुको भर पर्नुपर्ने बाध्यता शायद दुर्भाग्य होला । तर, यही भइरहेको छ, जसलाई जनताका प्रतिनिधिहरुले नै अनुभूत गरेका छन् र सरकारको कृषिमा आत्मनिर्भर हुने र कृषकलाई समृद्ध बनाउने उद्देश्यले प्रदान गर्ने गरेको कृषि अनुदान खाँटी किसानले नपाएको बताएका छन् । उनीहरुले राज्यको ढुकुटीबाट दिइँदै आएको त्यस्तो अनुदान स्थगित गर्न सरकारलाई सुझाएका पनि छन् ।

प्रायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बैठकमा सहभागी सांसदहरुले अनुदानका नाममा राज्यको ढुकुटीको ठूलो हिस्सा अपचलन भएको भन्दै अनुदान वास्तविक किसानले मात्रै पाउनुपर्ने समेत बताए । सांसदहरुले किसानलाई मल, बीऊबिजन र उपकरण खरिद गर्न छुटको व्यवस्था हुनुपर्नेमा जोड दिए । यसै वर्ष आएको बाढीले पाक्न लागेको र पाकेको धान डुबायो, गहुँ छर्न न बीऊबिजन छ न त मलखाद नै दिन सकेको छ । यस्ता किसानका लागि राहत दिनेतर्फ सरकारको ध्यान गएकै छैन । राज्यको ढुकुटी अपचलन गरी देशभरका स्थानीय सरकारले कृषि अनुदान वितरण गरिरहेका छन् । तर, त्यो अनुदान 'खाँटी किसान' सम्म पुगेको छैन, केही टाठाबाठा र कागज मिलाउन सक्नेले मात्र प्राप्त गरिरहेका छन्– समितिका सदस्य हरिराम चौधरीले भने । अर्का सदस्य राधेश्याम अधिकारीले पनि व्यक्ति विशेषलाई लाभ हुने हिसाबले बाँडिएको अनुदान लक्षित समुदायमा नपुगेको भन्दै अनुदान वितरणमा पुनर्विचार गर्न सुझाव दिएका छन् ।

सरकारी ढुकुटीको ठूलो हिस्सा कृषि अनुदानमा खर्च भइरहेको छ, तर त्यस्तो खर्च माटोसँग खेल्नेका लागि होइन कागज मिलाउनेका लागि मात्रै भएको बताएका सदस्यहरुले अनुदान वितरण प्रणालीमा नै व्यापक परिवर्तन र सुधारको खाँचो रहेको औंल्याएका छन् । हुन पनि हरेक वर्ष मल खरिदमा अनियमितता र भ्रष्टाचार भएको खबर सार्वजनिक हुन्छ, तर सहजरुपमा मलखाद वितरण गरियो भन्ने समाचार आउँदैन । अहिले पनि तराईको एउटा हिस्सामा त्यही मलखाद नपाएको भन्दै किसानले सडक आन्दोलन गरिरहेका छन् । शान्तिपूर्ण आन्दोलन हिंसामा रुपान्तरण हुने सम्भावना बलियो बन्दैछ । तर, पनि सरकार त्यतातर्फ गम्भीर देखिएको छैन । कृषि प्रधान देश भनिएको छ, तर कृषि ऐन बनाइएकै छैन । ऐन नभएकै कारण निर्देशिका बनाएर अनुदान बाँड्ने परम्पराले बेथिति र भ्रष्टाचार बढेको जानकारहरु बताउँछन् । त्यसै पनि कृषकको आर्थिक जीवनमा सुधार नआइ देशले समृद्धिको बाटो समाउन सक्दैन । त्यसैले व्यक्ति विशेषलाई लाभ पुग्ने किसिमले अनुदान बाँड्ने र राज्यको ढुकुटी मास्ने कर्म तत्काल रोकेर वास्तविक किसानसम्म पुग्ने राहत वितरण गर्ने परिपाटी बसाउनुपर्छ ।

### सामाजिक सञ्जाल



नारायणहिटीको नारायणथान सँगै बनेको प्लास्टिक पार्क पनि तुरुन्तै हटाइयोस् । त्यसलाई सुहाउँदो ठाउँ खोजे भयो ।

**– भुषण दाहाल**



म, मेरो बुद्धि, मेरो क्षमता, मेरो रणनीति, मेरो ट्याक्टिस, मेरो बाटो, मेरो इज्जत र फेरि म, अरु सबै मेरा भक्त, सेवक, चाकर र कार्यकर्ता भन्ने मनोविज्ञान राजनीतिको तेर्सो बाटो हिँड्दा मात्र काम लाग्छ है । ओरालोमा चिप्लिँदा र भिरबाट झर्दा त सहकर्मी नै चाहिन्छ ।


**– केशव दाहाल**



शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहालका 'विशेष' भनेर चर्चामा आइरहने आरोपित व्यापारीहरू वास्तवमा कसैका 'विशेष' होइनन् । जो सत्ता र शक्तिमा हुन्छ, उसैका 'विशेष' हुन् । जानौं, व्यापारीहरू कहिल्यै पनि राजनीतिज्ञ जति मूर्ख र वेवकुफ हुन्नन ।-

**– मुमाराम खनाल**

# दलहरुको महाधिवेशन र नेतृत्वको प्रश्न



**विमल लामिछाने**

यो वर्ष २०७८ को मंसीर र पुस नेपाली राजनीतिक दलहरूको आन्तरिक लोकतान्त्रिक अभ्यासका लागि निकै महत्वपूर्ण र नेतृत्व छनौटको वर्ष हुन पुग्यो । यो दुई महिनामै नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टीका महाधिवेशन सम्पन्न भए । महाधिवेशनबाट नेतृत्व निर्वाचनका साथै विधिसम्मत तवरबाट दललाई अगाडि बढाउने मार्ग प्रशस्त गरेका छन् ।

केही बाहेक नेपालका प्रमुख राजनीतिक दलहरूले आ-आफ्ना महाधिवेशन सम्पन्न गरेर संवैधानिक दायित्व मात्र पूरा गरेनन्, आन्तरिक लोकतन्त्रको अभ्यास समेत सम्पन्न गरे । हुन त संयोग नै मान्नु पर्दछ, नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा ( माओवादी केन्द्र) काम हाधिवेशनहरूले आफ्ना कार्यकारी प्रमुखहरूलाई पुनःनयाँ कार्यकालका लागि निरन्तरता दिएका छन् । दलहरूको आन्तरिक सुदृढीकरण बिना बहुदलीय व्यवस्थाको संस्थागत विकास सम्भव हुँदैन । दलहरूको महाधिवेशन लोकतन्त्रको संस्थागत विकास कै अभ्यासको पहिलो अध्याय पनि हो ।

करिब एक साताभन्दा बढी लगाएर नेकपा ( माओवादी केन्द्र)ले भर्खरै महाधिवेशन सम्पन्न गरेको छ । माओवादी केन्द्रको यो आठौं महाधिवेशन हो । प्रक्रियाबाट नै पदाधिकारी तय गर्न नसके पनि यो महाधिवेशन विगतका तुलनामा बढी लोकतान्त्रिक अभ्यास गर्दै सम्पन्न हुनु पार्टी चिन्तकहरुका लागि आफैँमा ठूलो सफलता पनि हो ।

माओवादी केन्द्रको विधान अनुसार महाधिवेशनले माओवादी केन्द्रको केन्द्रीय समितिका सदस्यहरू निर्वाचित गर्‍यो । पदाधिकारीमा आउने सबै केन्द्रीय समितिमा पर्नुपर्ने सो पार्टीको वैधानिक व्यवस्था रहेको छ । त्यसअनुसार पुष्पकमल दाहाल 'प्रचण्ड' केन्द्रीय समितिमा विधिपूर्वक चयन भएर पुनः अध्यक्ष कै नेतृत्व सम्हाल्न पुगे । माओवादी केन्द्रको सन्दर्भमा विगतको तुलनामा यसलाई निकै सकारात्मक तथा उपलब्धिमूलक मान्नुपर्छ । घटनाक्रमले पनि माओवादी केन्द्रको यो महाधिवेशनलाई ऐतिहासिक रूपमा सफल बनाएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चित थोरै नेपाली नेताहरूमा पर्ने माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले झण्डै तीन दशकदेखि नेतृत्व सम्हाल्दै आएका छन् । कम्युनिस्ट अध्ययन केन्द्रबाट पाँच दशकअघि खारिँदै नेतृत्वमा अगाडि बढेका प्रचण्डले वि.सं २०५२ देखि माओवादी सशस्त्र विद्रोहलाई नेतृत्व प्रदान गरेको इतिहास छ । प्रचण्ड कै नेतृत्वमा जनयुद्ध, जनआन्दोलन, शान्ति सम्झौताका साथै संविधानसभा निर्वाचन, गणतन्त्र, संविधान निर्माण जस्ता मुलुकका लागि दूरगामी महत्वका विषयमा सुरक्षित अवतरण सम्भव भएको इतिहास माओवादी केन्द्रको राजनीतिक इतिहासको एक महत्वपूर्ण पक्ष पनि हो ।

भनिन्छ, पार्टीमा नेतृत्वभन्दा नीति महत्वपूर्ण हुन्छ । अझ कम्युनिस्ट पार्टीमा मालेमा वादी दृष्टिकोणको फ्रेममा नगइ त नयाँ ढंगले अघि बढ्न सकिने कुरै भएन । पार्टीभित्रको विचारधारात्मक संघर्षको संश्लेषणले पार्टी नयाँ बन्ने बाटो खुल्छ । मार्क्सवाद कुनै जड सूत्र होइन । कुनै धार्मिक गुरुग्रन्थ झैं जड भएर बस्दैन । यसलै मार्क्सवादको परिमार्जन लेनिनवाद हुँदै माओवाद वा विचारधारासम्म आइपुगेको छ । १८औं शताब्दीमा मार्क्सवादले मार्ग निर्देशन कम्युनिस्ट घोषणापत्र मार्फत गरेको थियो । यति मै कम्युनिस्टहरु बसेको भए आज कम्युनिस्ट आन्दोलन यहाँसम्म आउने थिएन । १९औं शताब्दीमा मार्क्सवादलाई सम्पन्न गर्न लेनिनवादका आधार विकसित भयो ।

तेस्रो विश्वका देशहरु वा अर्ध-सामान्ती तथा अर्ध-औपनिवेशिक देशको मुक्तिका लागि माओवाद कारगार सावित भयो । यी सार्वभौम सिद्धान्तको समीक्षा र देशको वस्तुस्थिति सामाजिक बनोटको आधारमा आजको अन्तरविरोधलाई विज्ञानसम्मत ढंगले हल गर्ने कार्यदिशाको निर्माण र त्यो अन्तर्गतको पहलकदमीले मात्र नयाँ नेपालको परिकल्पना गर्न सकिएको कुरा भुल्न मिल्दैन । अन्यथा टाउको फेरेर वा टाउको नफेरी पुनःनिर्माण भएको पार्टी संगठनको औचित्य सावित हुन्न । वाम राजनीतिले सधैँ समसामयिक परिवर्तनको माग गर्दछ । आर्थिक, सामाजिक रुपान्तरणको दैनिकी आम जनसमुदाय त्यस्तो संगठनबाट आशा गरेका हुन्छन् । यो माग छोड्ना साथ वामपन्थ दक्षिणपन्थमा पतन हुन्छ ।



यही विचार विमर्शसहित नीति-निर्माण गर्ने योजनाका साथमा ओवादी केन्द्रले पुसमा महाधिवेशन होइन, राष्ट्रिय सम्मेलन गर्ने तय गरी त्यसै अनुसार तयारी अगाडि बढाएको थियो । तर, सम्मेलनलाई महाविधेशनमा रूपान्तरण गरेर महाविधेशनका सबै प्रक्रिया पूरा भएकोले सम्मेलनलाई महाधिवेशन र विचारको बहसको रुपमा रूपान्तरण गरिएको जनाउँदै सम्मेलनलाई महाधिवेशनमा रुपान्तरण गर्‍यो, कार्यकर्ताले चित्त बुझाए । तर, भने अनुसार भयो या भएन त्यो आन्तरिक समिक्षाको विषय होला ।

जनयुद्ध, जनआन्दोलन र परिवर्तनको पहरेदारको रुपमा हेर्ने हो भने माओवादी अन्तरनिहित अनेकौं प्रश्न भने रूपान्तरणसँग जोडिएका छन् । शक्ति र गुमेको साख फर्काउने लक्ष किटान त दस्तावेजमा भए पनि त्यो पवित्र योजना र चाहनाले मात्रै समाज परिवर्तन हुँदैन भन्ने कुरा विगतका अनुभवबाट पुष्टी भइसके कै विषय हो । नयाँ घर बनाउन जति सजिलो हुन्छ भत्किएको, ढलेको घर फेरि बनाउन कठिन हुन्छ । दृष्टिकोण र आदर्शले निर्देशन गरेको पार्टी आचरण र जीवन व्यवहारसँग जोडिएका छन् या छैनन् यो मुख्य प्रश्न हो ।

माओवादीका सामू अब निकै ठूला चुनौति पनि छन् । पछिल्लो समय देशका मूलभूत समस्या कुनै पार्टी र नेताले एक्लै गर्ने अवस्था छैन । मिलेर नै देशको भविष्य अगाडि बढाउनुपर्ने बाध्यात्मक अवस्था पनि छ । देशमा मूलभूत रूपमा राजनीतिक व्यवस्थामा निकै ठूलो परिवर्तन आए पनि सामान्य जनताको जीवनयापन लगायतका आम सरोकारका विषयमा खासै परिवर्तन आउन नसकेको तीतो यथार्थ हाम्रोसामु छ । पार्टी सुदृढीकरण, माओवादीको मुख्य मुद्दाका रूपमा रहँदै आएको सामाजिक, आर्थिक रूपान्तरण अबको कार्यसूची हुनुपर्छ ।

महाधिवेशनपछिको नेतृत्वले नागरिक सपनाहरू साकार गर्ने अलौकिक योजना र बाटो समेत तय गर्नुपर्छ । सघन सकारात्मक सुधार र वैज्ञानिक प्रगतिशीलता ल्याउनुपर्छ । नागरिकप्रति पूर्ण समर्पित राजनीतिक संस्कार निर्माण गर्नुपर्छ । देशको आर्थिक, सामाजिक, नैतिक, मनोवैज्ञानिक तथा भौतिक विकासमा विशाल फड्को मार्ने अठोट गर्न सक्नुपर्छ ।

हुन त आचरणको विषयलाई नयाँ नेतृत्व र युवा पुस्ताले यसलाई कसरी लिन्छ, त्यसको विशेष अर्थ र महत्व हुनेछ । नारामा रूपान्तरण भनिएको छ, तर त्यो रूपान्तरणलाई कुन अर्थमा प्रयोग गरिन्छ भन्ने चुनौति पनि त्यतिकै गम्भीर छ । रूपान्तरणको अर्थ नैतिक मूल्य-मान्यता र निष्ठाको विजय हुनुपर्छ भन्ने हो । राजनीति भनेको बेइमानी र तत्कालको फाइदा होइन भन्ने सन्देश स्थापित गर्नु आवश्यक छ ।

महाधिवेशनबाट खारिएर जनतासँग आएका दलहरुले अब साँच्चै जनतालाई राजनीति फेरिएको महशुस गराउने हो भने महाधिवेशनबाट चुनिएको नेतृत्वले आर्थिक विकाससहित गरिबी र वेरोजगारी अन्त्यको दिगो मार्गचित्र तयार पार्नुपर्छ । पछिल्लो विश्व राजनीतिको सर्वप्रिय शब्द समृद्धि, समुन्नति, सम्मान र सर्वाधिक अपेक्षित अवस्था समाजवादको लक्ष्यमा पुग्ने रणनीति अनि नागरिकले प्रस्ट बुझ्ने गरी अनुपम योजना पस्कन सक्नुपर्छ । अब नेतृत्व र कार्यकर्ता सबैमा राजनीतिक नैतिकता, इमान र चरित्रमा सुधार आउनै पर्छ । कार्यशैली र आचरणमा सुधार आउनै पर्छ ।

*bmllamichhane@gmail.com*

# लेख्नेहरुको संख्यामा फोनिजकर्मी नै अगाडि



**दिपीन राई**

कुनै समय नेपालका पुराना पत्रकार विनय कसजुले भन्ने गर्नुहुन्थ्यो- 'राजनीतिक दलहरुको जस्तै चाल नेपाली पत्रकारितामा प्रवेश गर्‍यो भने लेखेर गरी खानेभन्दा नलेखी पत्रकारिताको इतिहास बेचेर खानेहरुको संख्या बढ्न सक्छ ।'

रोमारियोका पत्रकार पाउल राडुले भन्ने गर्थे- 'लेख्नेभन्दा बोल्ने पत्रकारहरुको संख्या बढी भयो भने पत्रकारिताको मर्म अस्ताएर जान्छ ।' यी दुबै व्यक्तिहरुको भनाई नेपाली पत्रकारितामा बिस्तारै मौलाउँदै आएको छ । आज लेख्नेहरुको संख्या कम छ, बोल्नेहरुको संख्या बढी भएकै कारण उनीहरुको बोलावट र फूर्तिपन जतातत्तै देखिन्छ । त्यसैले होला लेख्ने पत्रकारभन्दा पनि राजनीतिक संगठनमा आवद्ध भएर हुँकार गर्ने मानिसले पत्रकारहरुको पेशागत संगठन चलाइरहेका हामी पाउँछौं ।

जसले लेख्न जान्दैन, अध्ययन गर्न सक्दैन, पत्रकारितामा मिहनत गर्न सक्दैन त्यस्ता व्यक्ति मिडिया उद्यमी भएर पत्रकारहरुलाई लेखाउने र त्यसबाट उपार्जन गर्ने व्यक्ति हुँ भनी चिनाउने गर्छन् । त्यतिमात्र होइन पेशागत संगठनको अगुवा र अग्रज हुँ भन्दै पत्रकारिताको विषयमा अर्ति-उपदेश दिन थाल्छन् । आज यस्ता व्यक्ति पूर्वी नेपालमा मात्र होइन, अधिराज्यभरि नै धानमा लाग्ने कालीपोके जस्तै फैलिँदै गएको छ ।

हामीले गरेको पत्रकारिता समाज रुपान्तरण मात्र होइन समताको बाटो पनि हो । जब नेपालमा लोकतन्त्रको उदय भयो, वर्षौंदेखि समाज रुपान्तरणको सन्देश दिँदै आएका ती व्यक्तिहरुले नै समताका आवाज ओकल्न सकेका छैनन् । रुपान्तरण भन्दै सन्देश दिँदै हिँडिरहेका छन् । निश्चित सामन्ती चिन्तन बोकका मिडिया उद्यमीहरुले त्यस्ता सन्देश दिँदै हिँड्दा नेपालमा आदिवासी जनजाति पत्रकारहरुको उदय भएको थियो ।

२०५६ सालमा काठमाडौंस्थित नागरिक मासिक अखबारको कार्यालयमा आदिवासी जनजाति नश्लका पत्रकारहरुको भेला र सामान्य छलफलबाट आदिवासी जनजाति पत्रकार संघ स्थापना भयो । संघका अध्यक्ष चन्द्रसिंह कुलुङ राई थिए । संघको स्थापना हुँदै गर्दा पत्रकारितामा पनि जातिवादीहरुको संख्या उठ्न थाल्यो भन्ने तहल्का नमच्चिएको होइन ।

आदिवासी जनजाति पत्रकारको उदयपछि यसले उठाएका मुद्दा केही राजनीतिक दलहरुलाई सार्थकता थियो भने केही दललाई भने जंगली काँडा जस्तो बन्यो । पछि आदिवासी जनजाति पत्रकार संघबाट महासंघमा परिणात हुँदा विशेष गरी पूर्वीय क्षेत्रमा यसको प्रभाव बेजोड रुपमा पर्न पुग्यो । त्यसैले पूर्वीय क्षेत्र अनिजबाट फोनिज हुँदा आज प्रदेश नं. १ का १४ वटै जिल्लामा यसको सशक्त समिति खडा भई सक्रिय छन् ।

फोनिज उदाउनुभन्दा पहिलेको पत्रकारिता सूचनामूलक मात्र थियो । त्यसैले प्रकाशित हुने अखबारका हरेक पानाहरुमा उद्घाटन, हत्या-



हिंसा, कथा कविता र केही विकासका गतिविधि मात्र पोतिन्थे । तर, फोनिजको उदय भयो फोनिजले गरेका बहससँगै उठान हुने विषयहरु फरक भएपछि आज नेपाली अखबारका पानाहरुमा पहिचान, अधिकारका कुरा, भाषा-संस्कृति, संस्कार र जातिको लिपि र उनको भाषाबाट बगरेल्ती विचारहरु आउन थाले । प्रकाशित हुँदै गरेको अखबारमा जातजातिको अधिकार र संस्कार संस्कृतिका फोटोहरु छापिएनन् भने त्यो अखबार समाजमा सुन्दरता भएर प्रकाशित भएको देखिन्न ।

थिए त, विनय कसजु र पाउल राडुले भनेको जस्तै पत्रकारहरुको संख्या । अझै पनि देखिन्छन् । वरिष्ठताको नाममा काम गरिरहेका छन् । परिवर्तनमा उनीहरुको मन खुकुलो छैन । सञ्चारगृह खोलका छन्, सञ्चारगृहका माथिल्लो पोष्टमा उनीहरु नै छन् । काम गर्ने भने तल्लो वर्ग । कुनै बेला न्यूटलाइटका सम्पादक गोपाल गुरुङले भन्ने गर्थे- 'नेपालमा आदिवासीका मुद्दा उठाउने पत्रकारहरु कहिले जन्मिन्छन् होला ।' छहराका सम्पादक गोपाल छाङ्छा भन्थ्ये- 'म जस्तै आदिवासीका मुद्दा उठाउनेहरुको संख्याको उदय कहिले हुन्छ होला ।' गुरुङ र छाङ्छाले भन्नेको गरेको शब्द आज फोनिजले पूरा गर्दैछ ।

पूर्वी १ नं. प्रदेशकै कुरा गर्दा यहाँ असंख्यक भाषा लिपीका पत्रपत्रिका र पुस्तक प्रकाशित भएको स्थान हो । कुनै बेला हवाई पत्रपत्रिका मार्फत मायालुलाई शब्द जाल बुन्दै गजलहरु प्रकाशित हुन्थ्ये । अहिले पहिचान र अधिकारका विषयमा हवाई पत्रिका जस्तै बगरेल्ती बुलेटिनहरु प्रकाशित हुँदै आएका छन् । यद्यपि अन्य पत्रपत्रिका जस्तो सूचना विभागमा दर्ता नभएका होलान् । तर भाषा, संस्कृति र पहिचानका विषयमा थुप्रै अखबारहरु हाम्रोसामु प्रकाशित छ ।

प्रेस काउन्सिलमा दर्ता भएका सात हजार सात सय ४३ वटा अखबारभित्र आधाभन्दा बढी अखबारमा आदिवासी जनजाति पत्रकारको पहुँच स्थापित हुँदै आएको छ । कही न कही आदिवासी नश्ल काम नगरेको अखबार नै छैन । पूर्वकै कुरा गर्दा प्रत्येक स्टेशन म्यानेजर तथा समाचार वाचक, सम्पादक आदिवासी नश्ल नै छन् । पूर्वीय क्षेत्रमा प्रकाशित हुने दैनिक या साप्ताहिक अखबारमा आदिवासीहरुको उत्तिकै उपस्थिति छ ।

फोनिज हुनुको पछाडि सामान्य समाचार लेख्ने काम मात्र होइन, उसको काँधमा भाषा, धर्म, संस्कृति, पहिचान र समताको आवाज बोकेको हुन्छ । त्यसैले चेतनशील पत्रकार हुँ भन्ने र फोनिजमा लाग्ने जो कोही अध्ययनशील हुन जरुरी छ । पूर्वी क्षेत्रमा काम गर्ने आदिवासी जनजाति पत्रकारहरुमा अध्ययनसँगै कामको लगाव छ । जो बढी बोल्दैनन्, लेखिरहन्छन् ।

*(राई प्रदेश नं. १ फोनिजका इन्चार्ज हुन् ।)*

# प्रजिअ तिमिल्सिना र प्रशासकीय अधिकृत दाहालको विदाइ



**बिर्तामोड, पुस २५।** सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि निस्तेज पार्दै कोरोना संक्रमण समेत फैलन नदिन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनालाई नागरिक अभिनन्दनसहित विदाइ गरिएको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघको अगुवाइमा जिल्लामा क्रियाशील रहेका विभिन्न तीस वटाभन्दा बढी संघ-संस्थाले प्रजिअ तिमिल्सिनालाई नागरिक अभिनन्दनसहित सम्मान गरेका हुन् । सम्मान गर्ने संघ-संस्थाहरुमा बिर्तामोड उद्योग वाणिज्य संघ, दमक उद्योग वाणिज्य संघ, मेची उद्योग वाणिज्य संघ, कन्काई उद्योग वाणिज्य संघ, बुद्धशान्ति उद्योग वाणिज्य संघ, झापा उद्योग संघ, झापा गोल्डकप, एकका लागि एक अभियान, सहारा नेपाल, नेपाल औषधि व्यवसायी संघ (झापा) रहेका छन् ।

त्यस्तै रोटरी क्लब बिर्तामोड, सुनचाँदी व्यवसायी संघ झापा, संवाद समूह, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड, लायन्स क्लब अफ बिर्तामोड सिटी, लायन्स क्लब अफ बिर्तामोड, सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्र, अलैंची व्यवसायी महासंघ, मेची पेट्रोलियम डिलर्स एशोसिएशन, रोटरी क्लब अफ बिर्तामोड मिडटाउन, राष्ट्रिय उपभोक्ता मञ्च झापा रहेका छन् । त्यस्तै बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई योजना, अर्जुनधारा जलेश्वर धाम, नेपाल उद्यमशील महिला संघ झापा, चेम्बर अफ कमर्श (झापा), वीरता जेसीज बिर्तामोड, वीरता लेडी जेसीज बिर्तामोड, छठ सेवा समिति बिर्तामोड, निर्माण व्यवसायी संघ ( झापा), युनिकन नेपाल ररहेका छन् ।

प्रजिअ तिमिल्सिनाको अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौं सरुवा भएसँगै झापाबासीले नागरिक अभिनन्दनसहित विदाइ गरेका हुन् । बिर्तामोडमा आयोजित कार्यक्रमकाबीच प्रजिअ तिमिल्सिनालाई विदाइ गरिएको थियो ।

प्रजिअ तिमिल्सिना झापामा रहँदा अपराध न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको, कोभिड महामारीको समयमा सीमा क्षेत्रमा चेकजाँचलाई कडाई पार्दै उच्च सर्तकता अपनाएको, सबै झापावासीलाई कोभिड-१९ विरुद्धको खोप दिलाउन उच्चतम् पहल गरेको, कोभिड-१९ को पीसीआर परीक्षणका लागि झापामा पीसीआर ल्याव सञ्चालनमा ल्याउन पहल गरेको लगायतका महत्वपूर्ण काम गरेको भन्दै प्रजिअ तिमिल्सिनाको झापावासीले प्रशंसा गरेका थिए ।

झापावासीले गरेको अभिनन्दन पछि बोल्दै प्रजिअ तिमिल्सिनाले विद्युतीय रेलमार्गको मुआब्जा बितरणको काम भने आफ्ना पालामा पूरा गर्न नसकेको बताए । उनले झापाका राजनीतिक दलहरुको भूमिका अन्य जिल्लामा भन्दा फरक र रचनात्मक पाएको भन्दै सबै दलको खुलेर प्रशंसा गरे ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश १ का अध्यक्ष टिकाराज ढकाल, सहारा नेपाल सहकारी संस्थाका कार्यकारी निर्देशक महेन्द्रकुमार गिरी लगायतले प्रजिअ तिमिल्सिनाले झापामा रहँदा गरेको कार्यहरुको प्रशंसा गरेका थिए ।

सोही कार्यक्रमकाबीच पाँचथर सरुवा भएर जान लागेका बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश दाहाललाई विदाइ गरिएको थियो ।ख झापा गोल्डकपका अध्यक्ष बिनोद बस्नेतले स्वागत गरेको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने र सचिव कुशल खतिवडाले प्रजिअ तिमिल्सिना र प्रमुख प्रशासकीय अधिकृतको सम्मानपत्र वाचन गरेका थिए भने कार्यक्रमको सञ्चालन बिर्तामोड बिर्तामोड खानेपाली संस्थाका सचिव मेघराज बाँस्तोलाले गरेका थिए ।

# नव जागरणको नेतृत्व चयन

**सुरुङ्गा, पुस २५।** नव जागरण समृद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुरुङ्गाको नयाँ नेतृत्व चयन भएको छ ।

संस्थाको आठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले जनार्दन उप्रेतीको अध्यक्षतामा सर्वसम्मत सञ्चालक समितिको चयन गरेको हो । समितिको उपाध्यक्षमा जानुका आचार्य, सचिवमा बद्रीकुमार दाहाल, कोषाध्यक्षमा डिल्लीराम पौडेल, सदस्यहरूमा दयानन्द नेपाल, पवित्रा उप्रेती र शर्मिला कुँवर रहेका छन् । त्यस्तै, सागर ओली संयोजक, उपेन्द्र अधिकारी र चित्रकुमारी बस्नेत सदस्य रहेको तीन सदस्यीय लेखा समिति पनि सर्वसम्मत चयन गरिएको छ । तेजबहादुर आचार्यको संयोजकत्वमा प्रेम न्यौपाने र उमाप्रसाद अधिकारी सदस्य रहेको तीन सदस्यीय निर्वाचन समितिले सर्वसम्मत नेतृत्व चयनका लागि भूमिका खेलेको थियो ।

झापा निर्वाचन क्षेत्र नं. ४ का प्रदेश सभा सदस्य हीराकुमार थापाको प्रमुख आतिथ्य रहेको साधारणसभामा सभाको अध्यक्षता समेत गरेका संस्थाको सञ्चालक समितिका अध्यक्ष उप्रेतीले आ.व. २०७७/०७८ को समीक्षा र आ.व.२०७८/०७९ को कार्ययोजना समेटिएको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कनकाई नपा, झापा गाउँपालिका र शिवसताक्षी नपा, कार्यक्षेत्र भएको सो सहकारी संस्थामा हाल एक सय पाँच महिलासहित दुई सय १६ जना शेयर सदस्य रहेका छन् । संस्थाको गत असार मसान्तसम्मको कूल चुक्ता शेयर पूँजी ६० लाख २८ हजार आठ सय रुपैयाँ रहेको संस्थाका कोषाध्यक्ष डिल्लीराम पौडेलले जानकारी दिए ।

कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक तेजबहादुर आचार्य, एक्सेल बैंक केन्द्रीय कार्यालय बिर्तामोडका कर्जा विभाग प्रमुख शिवकुमार गिरी, सिद्धार्थ बैंक सुरुङ्गा शाखा प्रबन्धक श्याम नेपाल, कनकाई नपा सहकारी शाखा प्रमुख हरिप्रसाद पौडेल, कनकाई नगरपालिका वार्ड नं. ३ का वार्ड सदस्य युवराज चम्लागाई, भगवती साकोस सुरुङ्गाका अध्यक्ष खेमप्रसाद प्रसाईं लगायतले शुभकामना दिएका थिए । कार्यक्रम संस्थाका सचिव बद्रीकुमार दाहालले सञ्चालन गरेका थिए ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## कर्मचारी चाहियो

एक नयाँ सैलुनका लागि कपाल काट्न जान्ने अनुभवी नाइ आवश्यकता परेकोले दक्ष व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क :- ९८०३४०१९७०

## होटल बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको श्री ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ ।
सम्पर्क : ९८०८३२७४५०

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार


पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

पर्फेक्ट ट्रेनिङ्ग सेन्टरद्वारा



दक्ष प्रशिक्षकबाट सेक्युरिटी ट्रेनिङ्ग तथा ड्राइभिङ्ग ट्रेनिङ्ग तालिम पश्चात रोजगारीको व्यवस्था साथै
विभिन्न ठाउँको लागि २० पुरुष र २० महिला सेक्युरिटी गार्ड आवश्यक भएकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
फोन : ९८०४९०५३१३, ९८२५९३४०१७, ९८०४७७१५६८, ९८५२६९००८७
स्थान : सुगम पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२,
९८२४९८११७४,
९८४२६७७८५५,
९८६२६४८२८२

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोट: यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।

## डाक्टर आउने बारेको सूचना

| डा. दिपायन पाण्डे | डा. मुक्ति आचार्य |
| --- | --- |
| MBBS, M.D. | MBBS, M.D. (KU) |
| वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ | वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ |
| प्रत्येक विहीवार | प्रत्येक महिनाको पहिलो |
| ११ बजेदेखि | र तेस्रो शनिवार |
| डल्फिन स्कीन हस्पिटलबाट | नोबेल मेडिकल कलेजबाट |

## मेडिसिटी फार्मेसी

भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५

## Essay Competition 2022

"Optimist International Nepal calls for an essay competition in ILAM and Jhapa Districts on the topic
"How Does an Optimistic Mindset Change My Tomorrow?".
Interested students of age group 11 to 18 or from grade VI to X can submit an essay of 650 to700 words. Winners will be rewarded with NPR 3000, 5000, 7000 and certificates respectively. Each write-up should be sent in MS Word file or acceptable handwriting (JPEG or PDF). One school can submit two [2] essays at the most. Name of student, age, phone number, schools' name and address and email address should be mentioned at the bottom of the page. "Essay Competition 2022" is the key word to be mentioned in the subject line of the email. The writing should be submitted before COB February 15, 2022 to the
**Email: optimistclubofilam@gmail.com**
Example of subject line for email: Name of District, Name of School, Ph no, Name of Student and Class
**e.g.: " ILAM, ABC School, 9814010355, Sita Timsina of class VI, Essay Competition 2022".**
®Optimist international Nepal reserves the right to make all decision regarding the contest. Only the shortlisted contestants will be contacted.


## ठाकुर पोलिक्लिनिकमा

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा
**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समय: दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि
**हाम्रा थप सेवाहरु :**
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा,
फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१

## नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
बुद्धीको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, शुभ खबर सुन्न पाइनेछ । मान-सम्मानमा वृद्धि हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, धैर्य रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण[redacted]**
समय बलवान रहेको छ, यो [redacted]नी
गर्नुभएमा तपाईँको लागि [redacted]न्ध
सुमधुर रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउने छ, बोलीको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
सन्तानबाट राम्रो खबर सुन्न पाइने छ, लामो दूरीको यात्रा हुनेछ, खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुन क्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय अत्यन्तै वलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।